म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २७१ मंगलबार २७ बैशाख २०७९ नवमी ने. सं. ११४२ बछलाथ्व 10 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com




# एमालेको 'लालकिल्ला' भत्काउदै गठबन्धनले रच्ला ईतिहास ?

साझाकुरा संवाददाता

हेटौंडा, २६ बैशाख/ स्थानीय तहको निर्वाचन आउन दुई दिनमात्रै बाँकी छ । निर्वाचनको मिति नजिकिरहँदा बागमती प्रदेशको एकमात्र उपमहानगर हेटौंडा उपमहानगरपालिकामा कसले बाजी मार्ला ? भन्ने विषय सबैको चासोमा परेको छ ।

निर्वाचनको मिति नजिकिरहँदा हेटौंडा उपमहानगरपालिकामा उम्मेदबार बनेकाहरूको दौडधुप बढेको छ । आज मध्यरातिबाट मौन अवधि सुरु हुने भएकोले मत परिणाम आफ्नो पक्षमा पार्न उम्मेदबारले हरसम्भव प्रयास गरिरहेका छन् । हेटौंडा उपमहानगरपालिकाका प्रमुखमा १९ जनाको उम्मेदबारी कायम रहे पनि मुख्य प्रतिस्पर्धा भने नेकपा एमाले र सत्तारुढ गठबन्धनबीच हुने देखिन्छ ।

हेटौंडामा लामो समयदेखि बलियो उपस्थिति देखाउँदै आएको एमालेलाई यसपटकको निर्वाचनमा भने मत परिणाम आफ्नो पक्षमा पार्न सत्तारुढ गठबन्धनको सामना गर्नुपर्ने भएको छ । २०४९ यता भएका तीनवटै स्थानीय निर्वाचनमा हेटौंडामा जित्दै आएको एमालेले यसपटक आफैंबाट विभाजित एकीकृत समाजवादीको नेतृत्वमा कांग्रेस र माओवादी केन्द्र रहेको गठबन्धनसँग प्रतिष्पर्धा गर्दैछ ।

कुनै पनि हालतमा आफ्नो विरासत जोगाउने दाउमा एमाले छ भने एमालेलाई हराउँदै नयाँ इतिहास रच्ने दाउमा पाँचदलीय सत्ता गठबन्धन छ । २०४९ र २०५४ मा हेटौंडा नगरपालिकामा एमालेका डोरमणि पौडेल मेयरमा र उपमेयरमा एमालेबाटै हरिबहादुर महत विजयी भएका थिए । २०७४ को निर्वाचनमा कांग्रेस र माओवादी केन्द्रबीच गठबन्धन भएको थियो । तर पनि परिणाम एमालेकै पक्षमा गयो । ०७४ को निर्वाचनमा कांग्रेस-माओवादीका उम्मेदवारलाई पराजित गर्दै एमालेका हरिबहादुर महत मेयर र मीनाकुमारी लामा (हाल एकीकृत समाजवादी) उपमेयरमा बिजयी भएका थिए । त्यतिवेला एमालेलाई बिजयी हुन बदर मतले सहयोग गरेको थियो ।

गएको स्थानीय निर्वाचनमा एमालेका महत ६१५ मतान्तरले मेयरमा बिजयी भएका थिए । निर्वाचनमा मेयरमा सात हजार ५०२ मत बदर भएको थियो । जिल्ला निर्वाचन कार्यालयका अनुसार बदर मतमध्ये करिब ९० प्रतिशत माओवादी केन्द्रको चुनाव चिन्हमा स्वस्तिक छाप हानिएको थियो । यसले गर्दा माओवादीको समर्थनमा मेयर उम्मेदवार रहेका कांग्रेसका आनन्दराम पराजुली पराजित भएका थिए । त्यसैले पनि अघिल्लो निर्वाचनलाई हेर्दा मत बदर नभएको खण्डमा परिणाम गठबन्धनको पक्षमा जाने देखिन्थ्यो । थोरै मतले जितेको एमालेलाई धेरै बदर मतले सहयोग गरेको यहि तथ्याङ्कले स्पष्ट देखाउँछ । अहिलेको स्थानीय तहको निर्वाचनमा अघिल्लो निर्वाचनमा एमालेबाट उपमेयरमा निर्वाचित भएकी मीना लामा सत्ता गठबन्धनबाट मेयरको उम्मेदवार बन्दै चुनावी प्रतिष्पर्धामा छिन् ।

एमालेबाट विभाजित नेकपा एकीकृत समाजवादीमा रहेकी उनी गठबन्धनका तर्फबाट उम्मेदवार बनेकी हुन् । एमालेले यसपटक २०७० सालमा संविधानसभा सदस्य निर्वाचित अनन्त पौडेललाई मेयरमा उठाएको छ । योपटक एमालेले कमल थापा नेतृत्वको राप्रपा नेपालको पनि समर्थन पाएको भएपनि हेटौंडामा राप्रपा नेपालको प्रभाव भने खासै देखिएको छैन ।

राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपाले मेयर-उपमेयरसहित सबै वडामा उम्मेदवार प्रतिस्पर्धामा उतार्दा थापाले आफ्नै गृहनगरमा पनि पार्टीका तर्फबाट एकजना पनि उम्मेदवार खडा गर्न सकेका छैनन् । राप्रपाबाट दीपकबहादुर सिंह मेयरको रूपमा मैदानमा छन् ।

समान राजनीतिक विचारधारा बोकेको राप्रपाले प्रतिस्पर्धा गरिरहँदा राप्रपा नेपालका मतदाता राप्रपालाई छान्ने कि एमालेलाई छान्ने भन्ने दोधारमा छन् । त्यसैले हेटौंडामा राप्रपाको राजनीतिक समर्थन भए पनि व्यावहारिकरूपमा एमालेले विगतमा झैं एक्लै लड्नुपर्ने अवस्था सिर्जना भएको देखिन्छ ।

एमालेका लागि चुनौतीको बिन्दु नै यहि हो । अहिले गठबन्धनको आकार बढेको छ । कांग्रेसबाट उपमेयरमा राजेश बानियाँ मैदानमा छन् । उनको प्रभाव युवामाझ अत्यधिक रहेको छ । गठबन्धनमा माओवादी केन्द्रका साथै एमालेबाट विभाजित भएको एकीकृत समाजवादीको मत पनि जोडिएको छ । अघिल्लो चुनावमा गठबन्धन भए पनि मतदाता शिक्षा राम्ररी दिन नसक्दा धेरै मत बदर भएर क्षति व्यहोर्नुपरेकाले अहिले सत्तारुढ गठबन्धनले सो अवस्था दोहोरिन नदिन घरदैलो कार्य तीव्र रुपमा गरेको छ ।

मकवानपुरमा एमाले विभाजनपछि एकीकृत समाजवादीतर्फ गएको जनमत स्पष्ट नभए पनि प्रभावशाली नेताहरू भने एकीकृत समाजवादीतर्फ लागेका छन् । एमालेमा हुँदा केन्द्रीय भूमिकामा रहेका विरोध खतिवडा, केदार न्यौपाने र मजदुर नेता ललित बस्नेत पनि एकीकृत समाजवादीमा छन् ।

गठबन्धनबाट साझा उम्मेदवार बनेकी लामाको सबलताले पनि एमालेको विरासतलाई टक्कर दिइरहेको देखिन्छ । उपमहानगरमा रहेको जनजाति मतले पनि गठबन्धनलाई उत्साहित बनाएको छ । जिल्ला निर्वाचन कार्यालयका अनुसार हेटौंडा उपमहानगरमा एक लाख चार हजार ४७३ मतदाता छन् । तीमध्ये करिब ३१ प्रतिशत मतदाता जनजाति (तामाङ) समुदायका रहेको जनाइएको छ । त्यस्तैगरी बाहुन २६ र क्षेत्री १३ प्रतिशत छन् । तामाङ (लामा) समुदायकी गठबन्धनकी साझा उम्मेदवार लामाले जातीय मत पनि बढि पाउने अपेक्षा गरेकी छन् ।

सत्तारुढ गठबन्धनको मत एकढिक्का भएर खसेको खण्डमा एमालेको लालकिल्ला नभत्किएला भन्न सकिँदैन । पछिल्लो समय हेटौंडामा कांग्रेसप्रति आकर्षण पनि बढ्दो अवस्थामा छ ।

एमालेबाट पुरानै अनुहार चुनावमा फर्कीफर्की आउँदा जनता र कार्यकर्तामा निराशा छाएको पनि देखिन्छ । समग्रमा गठबन्धन बलियो देखिए पनि बदर मत बढेको खण्डमा फेरि अघिलो निर्वाचनको परिणाम आउन सक्ने पनि देखिन्छ । सत्तारुढ गठबन्धनमा रहेको सबै दल एकढिक्का भएको अवस्थामा भने हेटौंडामा एमालेको 'लालकिल्ला' भत्काएर नयाँ इतिहास रच्न सक्ने सम्भावना पनि देखिन्छ ।












साझाकुरा

## हाम्रो कुरा

# फोहोर व्यवस्थापन प्राथमिकतामा परोस्

मानव जीवनमा गरिने हरेक कार्यबाट फोहोर पदार्थको उत्पादन हुने गर्दछ । शौच आदि क्रियाकलाप गर्दा, व्यवसाय गर्दा, खाना बनाउँदा, घरलगायत सरसफाई गर्दा, मर्मत गर्दा, पुराना सामानहरुको व्यवस्थापन गर्दा, तयारी खाद्य पदार्थ किनेर खाँदा, प्याकिङ गरिएका बस्तुको प्रयोग गर्दा, घरपालुवा पशुपक्षीकाकारण र नित्य कर्म गर्दालगायत मानव जीवनको धेरै कार्यहरु गर्दाको अवस्थामा फोहोर मैलाको उत्पादन हुने गर्दछ । फोहोर उत्पादन हुनबाट रोक्न सकिँदैन तर, त्यसको उचित व्यवस्थापन गर्न सकिएन भने आफूले गरेको क्रियाकलापबाट उत्पादन भएको फोहोरले आफैंलाई हानी पुऱ्याउँदछ ।

फोहोरको कारण विभिन्न किसिमका सरुवा रोगहरु लाग्ने गर्दछ । फोहोरको कारण घरको शोभा बिग्रन्छ । फोहोरको कारण समाजको पहिचान गुम्दछ । फोहोरकै कारण पर्यटन प्रबर्द्धनमा समस्या पर्दछ । फोहोरकै कारण घरका परिवारका सदस्यबीच वैमनष्यता उत्पनन हुन्छन् । फोहोरकै कारण छिमेकीमा कलह उत्पन्न हुन्छन् । फोहोरको कारण समग्र मानव स्वास्थ्य र मानसिक अवस्थामा समेत गम्भीर आघात पुगिरहेको हुन्छ । मानिसको जीवनमा गर्ने हरेक क्रियाकलापबाट फोहोर निस्कने गर्दछ । तर, त्यसको सही बिसर्जन हुन नसकेमा त्यसले निम्त्याउने समस्याहरु धेरै प्रकारका हुन्छन् ।

फोहोर मैला नगरौं भनेर स्थानीय पालिकाहरुले पटकपटक सूचनाहरु जारी गरिरहेकै हुन्छन् । फोहोर गर्नु हुँदैन भनेर प्रायः सबैलाई थाहा छ । तर, मानिसको अटेरीपनको कारण फोहोर मैलाले घर, समुदाय तथा बजार क्षेत्रहरु ढाकेकै हुन्छन् । टोलटोलमा डस्टबिनहरु राखिएका हुन्छन् तर, डस्टबिनमा फोहोर नफालेर जथाभावी फाल्ने गरेको देखिन्छ । सीमित स्थानमा फोहोर फाल्दा स्वास्थ्यमा राम्रो, सरसफाईमा राम्रो तथा समाजकै इज्जत बढ्ने गर्दछ । तर, मानिसहरुको अटेरी पनको कारण फोहोर फाल्नेलाई जरिवाना पनि घोषणा गरिएको छ । कतिपय मानिसहरु जरिवानामा पनि परेका छन् । तैपनि फोहोरको उचित व्यवस्थापन हुन सकिरहेको छैन । त्यसैले टोल विकास संस्थाहरु, सामाजिक संघसंस्था तथा घरघरमा फोहोर मैला गर्नु हुँदैन भन्ने सचेतना फैल्याउँदै यसको उचित व्यवस्थापनमा लाग्नु अपरिहार्य छ । निर्वाचनको संघारमा विभिन्न पार्टीहरुले आ-आफ्नो घोषणापत्र जारी गरेका छन् । ती घोषणपत्रमा मात्रै सीमित नभई व्यवहारमा उपमहानगरको फोहोर व्यवस्थापन प्राथमिकतामा पर्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ वैशाख २८ गते बुधबार ११ मे २०२२ । वैशाख कृष्ण दशमी । वछलाथ्व दशमी ११४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यवसायमा विवाद | तुला | : आलोचनामा वृद्धि |
| वृष | : मानसिक अशान्ति | वृश्चिक | : यात्रामा अवरोध |
| मिथुन | : कार्यमा ढिलाइ | धनु | : व्यवसायमा सफलता |
| कर्कट | : मांगलिक कार्य सम्पादन | मकर | : मान हानिले खिन्नता |
| सिंह | : उपचारमा खर्च बढ्ने | कुम्भ | : धर्मकार्यमा खर्च |
| कन्या | : मानमर्यादाको वृद्धि | मीन | : मान्यजनबाट विवाद |

# फेरिएला त प्रचण्डको 'माया बैगुनी नभई नहुनी' जस्तो भूमिका ?



पुष्पराज आचार्य

स्थानीय निर्वाचनको मुखैमा आएर नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले असार १७ मा नेपाली राजनीतिमा उथलपुथल हुने भन्दै गठबन्धन टुट्ने संकेतसहित प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई सचेत गराएका छन् ।

ओलीले फालेको सनसनीको पासा नेपाली राजनीतिको सुखद् वा दुःखद् शुक्रबार के हुने हो त्यो असार १७ ले बताउला नै । के साँच्चै नेपाली राजनीतिमा २०७४ कै खेल पुनरावृत्त हुन्छ त ? एमालेले स्थानीय निर्वाचनलाई अहिले आफ्नो जनमत परीक्षणको आधार बनाउन खोजेको छ । झन्डै दुई तिहाई बहुमत प्राप्त कम्युनिष्ट पार्टी विभाजन गरेको, संसद विघटन गरेको, स्वेच्छाचारी बन्न खोजेको साथै भ्रष्टाचारसँग गाँसिएका कयौं आरोप माओवादी केन्द्र र एमालेबाट विभाजन भएर बनेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले लगाएको छ । ती आरोपको जनतामाझ कत्तिको प्रभाव छ भनेर परीक्षण गर्ने माध्यमका रूपमा एमालेले स्थानीय निर्वाचनलाई लिएको छ ।

राष्ट्रिय राजनीतिमा एमालेका थप रणनीति निर्वाचनको परिणामपछि तय हुने देखिन्छ । यद्यपि, सत्ता गठबन्धनभित्रको अकर्मण्यतालाई भजाएरै एमालेले एउटा जबर्दस्त माहौल बनाउन भने सफल भएको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को विरोधाभाषी उल्झनमा गठबन्धन परेको छ । दाहाल र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले अहिले कांग्रेसलाई लगाएको गुनको बदलामा कांग्रेसभित्र अहंकार देखिएको भनेर थप दबाब बढाएका छन् । अहिले देउवा र प्रचण्डबीचको प्रेम सम्बन्ध क्रमशः प्रचण्डको घुर्कीमा परिणत भएको छ । देउवा भने उनलाई फकाउन भरमग्दूर यत्न गरिरहेका छन् । 'प्रचण्डजीले मान्नुभएको थिएन ।

काम गरेको मान्छेलाई टिकट दिनुपर्छ भनेर मैंले रेणु दाहाललाई भरतपुर महानगरको मेयरको टिकट दिएको हुँ,' भनेर देउवाले प्रचण्डको टाउकोमा थोपरिएको पारिवारवादको आरोपलाई सर्लक्क आफ्नो काँधमा लिएका छन् । देउवाले प्रचण्डलाई फकाएर 'भाइ-भाइ सम्बन्ध अर्थात् तिम्रो छोरी मेरो छोरी, मेरो छोरा तिम्रो छोरा'को सम्बन्ध अघि बढाउन खोजेका छन् । प्रचण्ड जता हुन्छन्, उता पल्लाभारी हुन्छ भन्ने बुझाइले चुनावी तालमेल गरेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको बुझाइ यसपटकको हकमा गलत हुनसक्छ । उनी २०७४ को निर्वाचनको अगुल्टोबाटै तर्सिए । वास्तवमा यसपटक कांग्रेसले कम्युनिष्ट पार्टीको दुई तिहाईको सरकार किन दुर्घटनामा पऱ्यो र देशको स्थायित्व, सन्तुलित कूटनीति, आर्थिक-सामाजिक विकास, उदार लोकतन्त्रका लागि कांग्रेस किन आवश्यक छ भनेर पुष्टी गरेर जानुपर्थ्यो ।

कांग्रेसका पुराना नेताहरू शेरबहादुर देउवा प्रधानमन्त्रीमा र रामचन्द्र पौडेल राष्ट्रपतिको लोभमा अलमलिदाँ कांग्रेसले त्यो मौका गुमायो । कांग्रेस र कम्युनिष्ट त्यसै पनि दुई ध्रुवका शक्ति हुन् । कम्युनिष्टको असफलतामा कांग्रेसले फाइदा लिने र कांग्रेसका अकर्मण्यताको लाभ कम्युनिष्टको सक्रियताले उठाउने अभ्यास राजनीतिमा स्थापित छ ।

अर्कोतर्फ, माओवादीसँगको गठबन्धनका कारण कांग्रेसभित्रको असन्तुष्टीको फाइदा एमालेले लिएको छ । कांग्रेसले माओवादी लगायत अन्य कम्युनिष्ट घटकसँग गरेको एकतालाई कांग्रेसको एउटा खेमाले रुचाएको छैन, फलस्वरुप एमालेका स्थानीय उम्मेदवारहरूमाथि उनीहरूको सहानुभूति देखिन्छ । जसले एमालेको आत्मविश्वास ह्वात्तै बढाइदिएको छ । राजनीति भनेको जनपरिचालन हो ।

कांग्रेसले देशभर आफ्ना उम्मेदवार उठाएर अफ्ना कार्यकर्तालाई सक्रिय बनाउन सक्थ्यो, त्यसले निर्वाचनमा अपेक्षित परिणाम नै नआएपनि जनपरिचालनले कांग्रेसलाई फाइदा हुन्थ्यो । गठबन्धनका कारण उम्मेदवार सीमित भएको र टिकट नपाएका कारण मात्र कांग्रेसका स्थानीय नेता तथा कार्यकर्ताको असन्तुष्टी होइन, पार्टीको चुनाव चिन्हमा मत दिन नपाउनु र द्वन्द्वकालमा सबैभन्दा माओवादी आक्रमणको निशानामा परेकाहरूले माओवादीलाई आत्मसात गर्न त्यत्तिकै गाह्रो छ । राजनीतिक दलहरूमा उत्पन्न विग्रहले सिर्जना गरेको भद्रगोल, कूटनीति सञ्चालनमा अपरिपक्वता र भूराजनीतिक जोखिम, कोभिड-१९ विरुद्धका खोप वितरण लगायतमा सुझबुझ र परिपक्व नेतृत्व क्षमता प्रदर्शित गरेको कांग्रेसले त्यही कुरा जनतालाई राम्रोसँग भन्न सकिरहेको छैन । जबकी एमाले अध्यक्ष केपी शर्मा ओली भएभरका पूर्वाधार आयोजना देखि पवित्र रामभूमिको पहिचान दिन एमालेले पहल गरेको श्रेय लिइरहेका छन् ।

नेपाली कांग्रेस ऐतिहासिक विरासत बोकेको असंगठित पार्टी हो । कम्युनिष्ट पार्टीको असफलताका कारण देशमा उत्पन्न भद्रगोलबारे जनतालाई बताएर उसले आम रूपमा जबर्दस्त मत निर्माण गर्न सक्थ्यो । राजनीति विचार, सिद्धान्त र कार्यक्रमबाट होइन स्वार्थ र लाभबाट मात्र प्रभावित हुन्छ भन्ने मत कांग्रेसको निर्णायक तहमा जबर्दस्त देखिन्छ । त्यसकारण राजनीतिलाई केही हदसम्म शुद्धीकरण गर्न सक्ने अवसर पनि कांग्रेसले गुमाएको छ ।

आफ्नै पार्टीका पुराना नेता व्यवस्थापन र असन्तुष्टीको स्वर मत्थर पार्दै बाह्य शक्ति आर्जन गरेर पार्टीभित्र अझै शक्तिशाली हुने अवसरका रूपमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले अघिल्लो संघ र प्रदेशसभा निर्वाचन माओवादीसँग सहकार्य र पछि पार्टी एकता गरेका थिए, जुन पछि प्रत्युत्पादक सावित भयो ।

सर्वोच्च अदालतको फैसलाले नेपाल कम्युनिष्ट पार्टी (नेकपा)बाट नेकपा (एमाले) र माओवादी केन्द्र बनेपछि पनि दुवै पक्षले लगाएका आरोपमा एक-अर्कोलाई गलाउने र स्थानीय निर्वाचनमा प्राप्त शक्तिका आधारमा 'नेगोशिएसन' हुने आधारहरू बाँकी नै छन् । माओवादी अध्यक्ष प्रचण्ड र नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालमा गठबन्धनभित्र कांग्रेसको भूमिका प्रष्ट नभएको भन्दै तीव्र असन्तुष्टी छ । शायद, उनीहरू नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवामाथि दबाब बढाउने र एमालेसँग मिल्ने बाटो खुला छ भन्ने सन्देश एकसाथ दिइरहेका छन् ।

कांग्रेसको भूमिकाका कारण गठबन्धन 'क्लियर' भएन, षड्यन्त्र हुनसक्छ भन्ने प्रचण्डले फेरि भरतपुर महानगरको चुनावी आमसभामा पुष्पकमल दाहालले कांग्रेसका कार्यकर्ताले गठबन्धनकी उम्मेदवार मेयर रेणु दाहाललाई मेयर जिताएको खण्डमा आफू उत्साही हुने र गठबन्धनलाई उनकै शब्दमा '१०-१५-२० वर्ष' लैजाने भनेर दिएका अभिव्यक्तिहरू आफैंमा विरोधाभाषपूर्ण छन् । देउवा र प्रचण्डबीच विगतमा घृणाको सम्बन्ध भएपनि अघिल्लोपटक एमाले अध्यक्ष ओलीको सरकार गिराएर कांग्रेससँग सहकार्य गरेपछि मित्रता र प्रेम बढेको हो । प्रचण्डले यसअघि २०७४ मा पनि स्थानीय निर्वाचनमा नेपाली कांग्रेसँग गठबन्धन गरेर पछि संघ र प्रदेशको निर्वाचनमा वाम एकता गरेका थिए । माओवादी शान्ति प्रक्रियामा आएपछि अघिल्ला दुई निर्वाचनमा माओवादी-कांग्रेस-एमालेबीच त्रिपक्षीय भीडन्त भएको थियो ।

तर जब माओवादीको शक्ति खुम्चिएर तेश्रो दल बन्यो, त्यसपछि दाहालले कहिले एमालेतिर त कहिले कांग्रेसतिर माया लगाउने गरिरहे । तेश्रो शक्ति राष्ट्रिय प्रजातन्त्र पार्टीका नेताहरू लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापालाई पालैपालो कांग्रेस र एमालेले उचालेर सरकार बनाए । २०६२/६३ को परिवर्तनपछि पनि तेश्रो दल एमालेले सत्ताको स्वाद त्यसैगरी चाखेको हो । कांग्रेसले एमालेका तत्कालीन महासचिव माधवकुमार नेपाललाई बोकेर प्रधानमन्त्री बनाएकै हो ।

केपी शर्मा ओली नेतृत्वको सरकार दुई पटक बनाउन र दुवै पटक गिराउन भूमिका खेलेका प्रचण्ड, पहिलो र दोस्रो ठूला दललाई खेलाएर सरकार बनाउने र गिराउने भूमिकामा रहीरहन भरमग्दूर प्रयास गरिरहेका छन् । विकल्पविहीन हुनु उनका लागि राजनीतिक पतन सरह हुनेछ । भरपर्दो विकल्पविना गठबन्धन अन्त्य गर्नु उनका लागि घातक हुनेछ भन्ने प्रचण्डले राम्ररी बुझेका छन् । एमालेका शीर्ष नेताहरूले त खुला रूपमा चुनावी गठबन्धनले राजनीति दुई ध्रुवमा समेटिएको र अन्य दलहरू कांग्रेस र एमालेका सहयोगी अर्थात् स्याटेलाइट दलहरू हुन् भनिरहेका छन् ।


शायद, एमाले सधैंभरी सूर्यबहादुर र लोकेन्द्रबहादुरलाई बोक्ने नियतिको अन्त्य चाहिरहेको छ । तर प्रचण्ड कुनै पनि हालतमा आफूलाई वेवास्ता गर्नै नसकिने (साइजेबल) तेस्रो शक्तिको रूपमा आफ्नो निरन्तरता चाहेका छन् । यो उनको राजनीतिक अस्तित्वको लडाइँ हो । यदि उनी तेस्रो शक्तिका रूपमा स्थापित हुने प्रयासमा सफल भए भने प्रचण्ड ओली-देउवाका लागि 'माया वैगुनी नभइ नहुनी' जस्ता भइरहनेछन् ।

*- साभार : इकागज*

# राजनीतिमा सिर्जना: शालीन, सरल र परिपक्व



सरिन घिमिरे




यसै साता शुक्रबार स्थानीय तह निर्वाचन हुँदैछ । बैशाख ३० गतेको निर्वाचनका लागि देश सम्पूर्ण रुपमा होमिएको छ । चुनावकै बेला भएपनि दलहरू जनताका गुनासा सुन्न घरदैलो अभियानमा छन् । गाउँ शहर सबैतिरको वातावरण चुनावमय छ । नेपालमा संघीय संरचना कार्यान्वयनमा आइसकेपछि यो दोस्रो स्थानीय तह निर्वाचन हो । तीन तहका सरकारमध्ये बलियो र प्रभावकारी सरकार हो, स्थानीय सरकार ।

जनताको नजिकको सरकार हुनुका साथै जनतामा तत्कालीन आवश्यकताहरू सम्बोधन गर्ने भएकाले धेरैले घरदैलोको सरकारका रुपमा पनि लिन्छन्, स्थानीय तहलाई । स्थानीय सरकारको नेतृत्व जति प्रभावशाली हुन्छ, उति नै विकास हुनुका साथै जनताले पनि प्रत्यक्ष सरकारको अनुभूति गर्न पाउँछन् । त्यसैले पनि मतदाताहरू स्थानीय सरकारको नेतृत्व चयनप्रति सचेत र गम्भीर हुन जरुरी छ । ७५३ स्थानीय तहमध्ये सबैभन्दा बढि चर्चा र चासो काठमाडौं महानगरको नेतृत्वलाई लिएर भएको छ, जुन स्वभाविक नै हो ।

संघीय राजधानी भएकाले पनि काठमाडौं महानगरको मेयरको बन्छ भन्ने कुरा देशव्यापी चासोका विषय बनेको हो । ६ महानगर र ११ उपमहानगरमा सत्तारुढ पाँच दलबीच चुनावी तालमेल भएको छ । जसमध्ये काठमाडौंको नेतृत्व कांग्रेसको भागमा परेको हो । कांग्रेसले सिर्जना सिंहलाई काठमाडौंको मेयरको उम्मेदवार बनाएको छ । विद्यार्थीकालदेखि नै राजनीतिमा सक्रिय सिर्जना सिंह नयाँ नाम होइन ।

पञ्चायतकालमा राजनीतिक दलमाथि प्रतिवन्ध लागेका बेला विद्यार्थी संगठनमार्फत् प्रजातन्त्रका पक्षमा भएको आन्दोलनको अग्रमोर्चा रहेको नाम हो, सिर्जना सिंह । कतिपयले काठमाडौंको मेयरमा सिर्जना उम्मेदवार भएपछि उनको राजनीतिक क्रियाशीलतामाथि प्रश्न उठाएका छन् । पारिवारिक विरासतका रुपमा सिर्जनाको उम्मेदवारीलाई जोडिएको पनि चर्चा सुनिने गरेको छ तर उनीहरूलाई थाहा हुनुपर्छ, जति बेला नेपाल विद्यार्थी संघको नेतृत्वमा अहिलेका प्रधानमन्त्री शेरबहादुर देउवा थिए, उनी महाबौद्ध क्याम्पसको इकाई अध्यक्ष थिइन् । कांग्रेसका अहिलेका पहिलो र दोस्रो पुस्ताका नेताहरूसँगै सिर्जना सिंह पनि विद्यार्थी आन्दोलनमा सक्रिय थिइन् । पञ्चायतविरुद्धको आन्दोलनमा सक्रिय उनी नेविसंघको संगठन विस्तारमा पनि देशव्यापी दौडधुपमा गएको विगत हामीले विर्सनुहुन्न ।

यति मात्रै नभई २०३७ सालको स्ववियू निर्वाचनमा शंकरदेव क्याम्पसमा नेकपा माओवादी केन्द्रकी नेतृ एवं उर्जामन्त्री पम्फा भुषाललाई कोषाध्यक्ष पदमा पराजित गरेकी थिइन्, सिर्जना सिंहले । यसले पनि प्रष्ट पार्छ कि सिर्जना सिंह एक सशक्त नेतृ थिइन् । २०३७ सालको जनमत संग्रहमा बहुदलका पक्षमा जनमत बनाउन गोरखामा उनको योगदान महत्वपूर्ण थियो । उनी सानै उमेरमा गोरखामा नेपाल महिला संघको जिल्ला अध्यक्षसमेत भइन् । सक्रिय राजनीतिमा रहेकै बेला प्रकाशमान सिंहसँगको बिहेपछि उनले पदको राजनीति गरिनन् तर राजनीतिक जीवनबाटै विश्राम लिएको भने पक्कै होइन । पछिल्ला केही दशक पदीय राजनीति नगरेपनि नेपालमा भएका हरेक लोकतान्त्रिक आन्दोलनमा सिर्जना सिंहले खेलेको भूमिकालाई हामीले नजरअन्दाज गर्न हुँदैन ।

उनको विगतको राजनीतिक सक्रियता र नेतृत्व क्षमतालाई नजिकबाट बुझेका कांग्रेस सभापति देउवाले पार्टीबाट काठमाडौंको मेयरमा नाम प्रस्ताव गरे, जुन नाममा कसैको असहमति रहेन । उनी गठबन्धनबाट निर्विवाद मेयरको उम्मेदवार हुन् ।काठमाडौंको मेयरमा यति बेला तीन नाम चर्चामा छन् । सिर्जना सिंहसँगै नेकपा एमालेबाट मेयर पदका उम्मेदवार केशव स्थापित र स्वतन्त्र उम्मेदवार बालेन शाह प्रतिस्पर्धामा छन् । सामाजिक सञ्जालमा स्वतन्त्र उम्मेदवार बालेनको पनि चर्चा छ । चुनावी प्रतिस्पर्धा त्रिपक्षीय हुने आँकलन छ । मेयर छान्दा मतदाताले धेरै कुरा ध्यान दिन जरुरी छ ।

दुई पटक काठमाडौंको मेयर भइसकेका व्यक्ति हुन्, स्थापित । तर उनी कामले भन्दा पनि कुराले बढी चर्चामा आउने गरेका छन् । उनी गफमा होस समेत गुमाउँछन् । 'आर्यघाट पनि यस्तो डिजाइन गर्छु, घाटमा जाँदा पनि आफैंलाई त्यही मरुँ-मरुँ जस्तो लाग्ने हुन्छ ।' भनेर स्थापितले दिएको अभिव्यक्ति विवादित छ । अझै बालेन शाहक विरुद्धमा उनले अराजनीतिक मात्र होइन, अत्यन्त तुच्छ जातीय अभिव्यक्ति दिएका छन् ।

त्यस्तै, जनतालाई असम्भवप्रायः सपना बाँडेर भ्रममा पार्न माहिर एक विवादित व्यक्ति पनि हुन् स्थापित । संघीय राजधानी भएकाले पनि विश्वको ध्यान काठमाडौंको मेयर को बन्छ भन्ने हुनु स्वभाविक हो । तर काठमाडौं महानगरका मतदाताले आफ्नो जनप्रतिनिधि चयन गर्दा लज्जित हुनुपर्ने अवस्था कदापी आउन दिनुहुन्न । जातीय द्वेष फैलाउने, साम्प्रदायिक अभिव्यक्ति दिने र सपनाका व्यापारीलाई मेयर बनाउने कुरा काठमाडौं महानगरको प्रतिष्ठासँग पनि जोडिने विषय हो ।

बागमती प्रदेश सरकारमा मन्त्री भएकाबेला आफ्नै पार्टीका मुख्यमन्त्रीले बर्खास्त गरेका स्थापितलाई मेयरको जिम्मेवारी दिनुले हाम्रो चेतनाको स्तर पनि मापन हुन्छ । काठमाडौं महानगरका मतदाता अन्य क्षेत्र र भूगोलका नागरिक भन्दा बढि शिक्षित र सचेत भएको आमविश्वास हो । त्यसैले हामीले आफ्नो जनप्रतिनिधि चयन गर्दै गर्दा गर्व गर्न लायक हुनुपर्छ । जनप्रतिनिधिको छवि र स्वभावलाई हामीले नजरअन्दाज गर्न मिल्दैन । स्थापितका पछिल्ला एक महिनाका अभिव्यक्तिले उनको व्यक्तित्व छर्लङ्ग हुन्छ । काठमाडौं उपत्यकामा सय दिनमै चमत्कार गरिदिने घोषणा पत्र बनाएर एमालेबाटै काठमाडौंको मेयर बनेका विद्यासुन्दर शाक्यको पाँच वर्षे कार्यकाल हामी सबैले भोगिसकेका छौं । त्यहि पार्टीबाट मेयरको उम्मेदवार बनेका स्थापितबाट थप अपेक्षा गर्ने ठाउँ छैन ।

कांग्रेस नेतृ सिर्जना, जो पाँच दलीय गठबन्धनको उम्मेदवार हुन्, उनले धेरै ठूला सपना बाँडेकी छैनन् । उनका कार्यक्रम र योजना सामान्य छन् । गर्न सकिने र गर्नैपर्ने कामबाहेक असम्भव र हावादारी घोषणा नगर्ने उनको घोषणापत्र निकै सन्तुलित र व्यवहारिक छ । स्वच्छ, सफा, सुरक्षित र सुन्दर काठमाडौं शहर निर्माण गर्ने प्रतिवद्धता छ, सिर्जना सिंहको । काठमाडौं महानगरलाई ७७ वटै जिल्लाका नागरिकले आनो महसुष गर्ने शहर बनाउने सपना छ, सिर्जनाको । काठमाडौंमा ठूलो समस्याका रुपमा रहेको फोहोर व्यवस्थापनलाई पनि सिर्जना सिंहले महत्वपूर्ण एजेण्डा बनाएकी छिन् ।

उनले उत्सर्जन भएको शतप्रतिशत फोहोर पूरै व्यवस्थापन गरी दीगो विकासको लक्षसहित काम गर्ने प्रतिवद्धता जनाएकी छिन् । सुशासित, सुसंस्कृत र समृद्ध महानगरको निर्माण गर्ने घोषणा आफैमा प्रशंसनीय छ । काठमाडौं महानगरसँग सदियौं पुरानो सभ्यता छ । त्यहि मानवीय सभ्यतालाई जोगाउँदै महानगरलाई सबैको गर्व गर्न लायक 'महान घर' बनाउने सिर्जना सिंहको अभियानलाई सार्थकता दिनुपर्ने बेला आएको छ ।

शालिन स्वभाव, निष्कंलक छवि अनि प्रतिस्पर्धीलाई पनि सम्मान गर्ने सिर्जनाको संस्कारको तुलना अरु मेयरका उम्मेदवारसँग हुनैसक्दैन । तीन दशक अघिकी जुझारु विद्यार्थी नेतृ सिर्जना आफैले संघर्षबाट कोरेको राजनीतिक जगमाथि उभिएर यतिबेला फेरि राजनीतिको मैदानमा होमिएकी छन् । नेपाली राजनीतिमा सम्मानित नाम गणेशमान सिंह र मंगलादेवी सिंहका साथै कांग्रेस नेता प्रकाशमान सिंहको विरासतले थोरबहुत प्रभाव त पार्ला तर सिर्जनाको यो उम्मेदवारी उनको आफ्नै राजनीतिक विरासतको परिणाम हो । जुझारु महिला नेतृ एवं उच्च सामाजिक चेत भएकी सिर्जनाको उम्मेदवारी सिंगो नेपाली समाजका लागि पनि परीक्षा हो । प्रधानमन्त्री शेरबहादुर देउवाले भनेजस्तै एक सक्षम र जुझारु महिलालाई काठमाडौंको मेयरमा जिताएर विश्वलाई नै सन्देश दिनसक्नुपर्छ । अब यो समय मतदाताको हो । *- साभार : इकागज*

# चुनावी प्रचारमा बालबालिकाको प्रयोग

साझाकुरा संवाददाता

हेटौंडा, २६ बैशाख/ मकवानपुरमा विभिन्न राजनीतिक दल र उम्मेदवारले आचारसंहिता मिचेर चुनावी प्रचारमा बालबालिकालाई प्रयोग गरेका छन् ।

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको लागि राजनीतिक दल तथा उम्मेदवारहरुले निर्वाचन आचारसंहिता र बालअधिकार समेत उल्लंघन गर्दै बालबालिकालाई सभा तथा जुलुसमा प्रयोग गरेका हुन् । निर्वाचन आचारसंहिता २०७८ को दफा ४ को सबैले पालना गर्नुपर्ने आचरणको दफा ३ बमोजिमका व्यक्ति, संस्था, निकाय तथा अधिकारीले १८ वर्ष उमेर पुरा नभएका बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन नहुने व्यवस्था रहेको छ । त्यस्तैगरि बालबालिका ऐनको दफा ६६ को २ मा राजनीतिक दलहरूले बालबालिकालाई राजनीतिक प्रयोजनका लागि सहभागी गराउन नहुने व्यवस्था छ ।

ऐनअनुसार राजनीतिक उद्देश्य पूरा गर्न बालबालिकालाई प्रयोग गर्नु कसुर हो । बालबालिकालाई जुलुसमा सहभागी गराए र राजनीतिक रूपमा प्रयोग गरे ७५ हजार रुपैयाँसम्म जरिवाना र ३ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था बालबालिका ऐनमा छ ।

तर, मकवानपुरका राजनीतिक दल तथा उम्मेदवारहरुले उक्त व्यवस्थाको अवज्ञा गर्दै आफ्नो प्रचारप्रसारमा बालबालिकालाई पनि लगाएका छन् ।

चुनावी प्रचारमा बालबालिकालाई पार्टी वा उम्मेदवारको झण्डा बोकाउने, चुनाव चिन्ह गालामा बनाउने लगायतको गतिविधि भएको छ । मकवानपुरका मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठले आफूले प्रचारप्रसारमा बालबालिका प्रयोग गरेको भेटेको भन्दै एकपटकलाई सचेत गराएर छोडेको बताए । उनले बालबालिकालाई चुनावी प्रचारप्रसारमा प्रयोग गर्दा उनीहरुलाई मात्रै नभई राजनीतिक दलको नैतिकतालाई पनि असर पर्ने बताए ।

श्रेष्ठले दल तथा उम्मेदवारहरुलाई बालबालिकाको प्रयोग नगर्न आग्रह गर्दै गरेमा कानुन अनुसारको कारवाही हुने बताए ।

श्री
निर्वाचन आयोग
**प्रदेश निर्वाचन कार्यालय**
मकवानपुर

**आसन्न स्थानीय तह निर्वाचनका सम्बन्धमा मतदाता शिक्षा र निर्वाचनमा मतदान गर्ने कुराहरुका लागि सबै मतदाताहरुले कसैको प्रभाव वा मोलाहिजामा नपरि स्वतन्त्र, विश्वासनीय र मत बदर नहुने गरि आफ्नो अमूल्य मतको प्रयोग गर्न सम्बन्धित सरोकारवाला सबैमा अनुरोध गरिन्छ ।**

**लुम्बनाथ पोखरेल**
**प्रदेश निर्वाचन अधिकारी**

**कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि**

पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि मात्र बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार
१८ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको
**३ महिना पूरा भएपछि बुस्टर खोप**
लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा कोभिड - १९ विरुद्धको बुष्टर मात्रा खोप लगाउनुहोला ।




कोभिड-१९ सङ्क्रमण भएकाहरुले सङ्क्रमणमुक्त भएको एक महिनापछि कोभिड -१९ विरुद्धको खोप र बुस्टर मात्रा लिन मिल्छ।

बुस्टर मात्रा खोप लगाउन जाँदा पूर्ण मात्रा खोप लगाएको खोप कार्ड अनिवार्य लिएर जानुहोला ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
हेटौंडा, मकवानपुर, नेपाल

## जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु ब्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदुषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:

**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

# Vacancy Announcement

**Hetauda Academy**, a leading academic institution in Hetauda, offers a multifaceted Learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. *Vice-Principal*
2. *Coordinators*
   Secondary Level, Basic Level and Pre-primary Level
3. *Secondary & Basic Level Faculty*
   Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, Health, Physical & Creative arts
4. *School Counselor*
5. *Event Manager*
6. *Secretary to CEO*
7. *ECA Instructor*
   Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing.
8. *Officers*
   HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,
9. *Assistants: Computer Lab, Computer Operator, Front Desk*
10. *Discipline Staffs*
11. *Drivers: Bus, Van & Tractor ( ड्राइभर )*
12. *Security Guards ( सुरक्षा गार्ड )*
13. *Hostel Staffs: Cook, Helpers, Gardener ( भान्से, सहयोगी र माली )*

**For further details, please visit our website** *www.hetaudaacademy.edu.np/vacancy*

***Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 11, 12 and 13. Preference will be given to well trained and experienced candidates in related areas.***

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send **CV** at **hr@hetaudaacademy.edu.np** with 2 references and expected salary not later than **7 May 2022.**

Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

**HETAUDA ACADEMY**
**RESIDENTIAL SECONDARY SCHOOL**
Shahid Smarak, Hetauda-11, Makawanpur,Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
E-mail: info@hetaudaacademy.edu.np

# मकवानपुरमा मदिरा बेचबिखन तथा सेवनमा प्रतिबन्ध

हेटौंडा, २६ बैशाख/ जिल्ला प्रशसन कार्यालय मकवानपुरले आज राती १२ बजेबाट जिल्लाभर मादक पदार्थको सेवन तथा विक्रि वितरणमा रोक लगाउने भएको छ । बैशाख ३० गते हुने स्थानीय निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र शान्तिपूर्ण रुपमा सम्पन्न गर्नका लागि मादक पदार्थको सेवन तथा विक्रि वितरणमा रोक लगाउने भएको हो । सोमबार एक सूचना जारी गर्दै जिल्ला प्रशासन कार्यलय मकवानपुरले वैशाख ३० गतेसम्म जिल्लाभर मादक पदार्थको सेवन तथा विक्रि वितरणमा रोक लगाईएको जनाएको छ । यसैगरि, मतगणना स्थलको ५ सय मिटर आसपास क्षेत्रमा मतगणनाको कार्य सम्पन्न नहुँदासम्म मादक पदार्थ बिक्री वितरण तथा सेवन गर्न रोक लगाएको सूचनामा जनाईएको छ ।

मकवानपुरगढी गाँउपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
मक्रान्चुली, मकवानपुर
वागमती, प्रदेश, नेपाल

## आ.व.२०७८/०७९ को लागि नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, रोडा, आदि) उत्खनन्, संकलन र बिक्रिको ठेक्का सम्बन्धि बोलपत्र (टेण्डर) फारम आह्वानको सूचना

***दोश्रो पटक प्रकाशित मिति: २०७९/०१/२७***

मकवानपुरगढी गाउँपालिकाको स्वीकृत परिमाण बमोजिमको नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, रोडा, आदि) उत्खनन्, संकलन र बिक्रि सम्बन्धि कार्य गर्न आ.ब. २०७८/०७९ को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनिहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाण-पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र, आ.व. २०७७/०७८ सम्म कर तिरेको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्रसहित रितपूर्वकको शिलबन्दी बोलपत्र आह्वान गरिएको छ । विद्युतीय माध्यमबाट सार्वजनिक खरिद अनुगमनको कार्यालयको website https;//ppmo.gov.np/egp मा रहेको site प्रयोग गरी बोलपत्र हेर्न वा समावेश हुन सकिने व्यवस्थासमेत मिलाइएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइएको छ ।

बोलपत्र फारम दस्तुर रु. ५,०००.०० (फिर्ता नहुने गरी)

| सि.न | ठेक्का नं. | कामको विवरण | अधिकतम परिमाण (घ. मि.) | न्युनतम ठेक्का अंक (मु.अ.कर वाहेक) | कबोल रकम (मु. अ. कर बाहेक) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | |
| १. | MRM/RAJASWA/Re-02/2078-079 | नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, रोडा, आदि) उत्खनन्, संकलन र बिक्रि | ८०, ०००. ०० | २, ५४, ०१, ६००. ०० | | | |
| | जम्मा | | | | | | |
| | मु. अ. कर १३% | | | | | | |
| | कुल जम्मा | | | | | | |

**नोट:** धरौटी रकम कबोल अंक (मु.अ.कर सहित) कोन्युनतम ५% हुनुपर्नेछ ।

माथि उल्लेखित परिमाण तपसिल उल्लेखित स्थानबाट उत्खनन गरिनेछ

**तपसिल,**

| क्र. स. | उत्खनन संकलन परिमाण स्थल | अधिकतम परिमाण (घ. मि.) |
|---|---|---|
| १) | बुङ्गदल देखि ज्यामिरे खोला दोभान सम्मको क्षेत्र | १३, ३३३. ३३ |
| २) | कालिबन झोलुंगे पुल देखि बियर फ्याक्ट्री पछाडी सम्मको क्षेत्र | १३, ३३३. ३३ |
| ३) | बियर फ्याक्ट्री पछाडी देखि ठुलीबेसी घाटेपाटी सम्मको क्षेत्र | १३, ३३३. ३३ |
| ४) | ठुलीबेसी घाटेपाटी देखि दुम्रेकुना सिरान सम्मको क्षेत्र | १३, ३३३. ३३ |
| ५) | दुम्रेकुना सिरान देखि कार्की खोला सम्मको क्षेत्र | १३, ३३३. ३३ |
| ६) | कार्की खोला देखि सुकौरा सम्मको क्षेत्र | १३, ३३३. ३३ |

बोलपत्रदाताको विवरण :
फर्मको नाम :
ठेगाना :
आधिकारिक दस्तखत :
फर्मको छाप :
मिति :
सम्पर्क न. :

**सर्तहरु**

१) बोलपत्र फारम दोश्रो पटक सूचना प्रकाशित मितिले १५ औ दिन अर्थात मिति २०७९/०२/१० गतेसम्ममा कार्यालय समय वा E- Submission मार्फत खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु १६ औ दिनको १२:०० बजे अर्थात मिति २०७९/०२/११ सम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भई आएका बोलपत्रहरु सोहि दिनको २:०० बजे अर्थात मिति २०७९/०२/११ मा यस कार्यालयमा कार्यालयको प्रतिनिधि र बोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा बोलापत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । साथै बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमस: बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन मानिनेछ । साथै E- Bidding मार्फत बोलपत्र पेश गर्न चाहने बोलापत्रदाताको हकमा www.bolpatra.gov.np/egp बाट पनि बोलपत्र पेश गर्न सकिनेछ ।
२) ठेक्काको मान्य अवधि : ठेक्का सम्झौता भएको मिति देखि २०७९ असारमसान्त सम्म हुनेछ । तर नदिबाट नदिजन्य पदार्थ संकलन/उत्खनन कार्य २०७९ जेष्ट मसान्त सम्म कायम रहने छ ।
३) यस ठेक्का खरिद गर्न इच्छुक फर्मलाई सार्वजनिक खरिद नियमावलीले तोकेअनुसारको माध्यम(E- Bidding) लाई मान्यता दिइनेछ । विद्युतीय माध्यमबाट समावेश हुनेले नेपाल बंगलादेश बैंक लि., मकवानपुरगढी शाखामा यस कार्यालयको नाममा रहेको राजश्व खाता नं. ०६५०००१३४१ मा बोलपत्र खरिदको लागि तोकिएको दस्तुर दाखिलाको सक्कल भौचरसहितका आवश्यक कागजात समावेश गर्नु पर्नेछ । सोको सक्कल प्रतिलिपीहरु बोलपत्र खोलिए लगत्तै कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।
४) बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम सोही नेपाल बंगलादेश बैंक लिमिटेड खाता नं. ०६५००००८४१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको बोलपत्रको म्याद सकिने दिनबाट कम्तिमा १२० दिन म्याद भएको विड बण्डसमेत बोलपत्र साथ अनिवार्य संलग्न हुनु पर्नेछ ।
५) बोलपत्र स्वीकृत भएको जानकारी पाएको १५ (पन्ध्र) दिनभित्र बोलपत्रदाताले न्यूनतम ४०% नगद कार्यालयले तोकिदिएको खातामा जम्मा गरेको सक्कल भौचर तथा बोलपत्रमा उल्लेख भए अनुसारको बाँकी ६०% रकम किस्ता बमोजिम जेष्ठ मसान्तभित्र दाखिला गर्नु पर्नेछ । किस्ताको हकमा सम्झौताका वखत नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा कम्तीमा २०७९ असार मसान्तसम्म म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी (Performance Bond) सहित सम्झौता गर्न आउनु पर्नेछ ।
६) बोलपत्रदाताहरुले कवोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
७) उक्त निर्माण सामाग्री झिक्नु पर्ने स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन वा बाटो मर्मत गर्न पर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्न पर्नेछ । साथै सो खर्च गाउँपालिकासंग दावी गर्न पाउने छैन । ढुंगा, गिट्टी, बालुवा, ग्रेभल, आदि निकाल्दा कुनै व्यक्ति वा निकायको निजि जग्गा भएर जान आउन पर्ने भएमा सम्बन्धित व्यक्ति वा निकायको स्वीकृति ठेकेदार आफैले लिनुपर्ने छ । नदिजन्य पदार्थ सामाग्री ओसार पसार गर्दाको समयमा सडकमा धुलो वा हिलो भइ आवागमनमा आसर गरेमा ठेकेदारले सडक मर्मत आफ्नै खर्चबाट गराउनु पर्नेछ ।
८) नदिजन्य पदार्थ संकलन/उत्खनन गर्दा स्वीकृत IEE प्रतिबेदन, नेपाल सरकार तथा प्रदेश सरकारबाट जारि भएको नियमन सम्बन्धी प्रतिवेदन र कार्यविधिहरु, ढुंगा, गिट्टी, बालुवा, जिल्ला अनुगमन तथा समन्वय समितिका निर्णयहरु तथा प्रचलित सम्बन्धित कानुनका व्यवस्थालाई पालना गर्नु प्रस्तावदाताको कर्तव्य हुनेछ ।
९) IEE प्रतिवेदनअनुसार जुन जुन ठाउँबाट मेसिन प्रयोग गरि ढुंगा, गिट्टी, बालुवा, ग्रेभल उत्खनन गर्ने भनि उल्लेख भएको छ सो स्थानमा मात्र मेसिन प्रयोग गर्न पाइनेछ । साथै IEE प्रतिबेदन अनुसार मेसिन प्रयोग गर्न नपाइने स्थानको हाकमा तालुक मन्त्रालयबाट स्थान तोकी मेसिन प्रयोग गर्न स्वीकृति प्रदान भएमा सोहि बमोजिम हुनेछ ।
१०) यस सूचनाममा उल्लेख भएको कुरा यसैअनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
११) कुनै पनि बन्द, हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाइने छैन । नदिजन्य पदार्थ संकलन/उत्खनन तथा ढुवानी गर्दा कुनै बिबाद उत्पन्न भएमा बोलपत्र/दरभाउपत्रदाता स्वयमले व्यपस्थापन गर्नु पर्नेछ तथा गाउँपालिकाबाट आवश्यक समन्वय गरिनेछ ।
१२) उत्खनन गरिएको नदिजन्य पदार्थ नदि किनारा वा सार्बजनिक स्थानमा घाटगद्धी गर्न पाइने छैन, त्यसका लागि बोलपत्र/दरभाउपत्रदाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नु पर्नेछ ।
१३) ठेकेदारका कारण संझौता गर्न ढिलाई भएमा कुनै किसिमको छुट वा मिनाहा दिइने छैन । स्वीकृत परिमाणको अभिलेख गाउँपालिका समेतले राख्नेछ, सो अनुसार उल्लेखित समय अगावै माथि परिमाण उत्खनन् भएमा तोकिएको समयावधि अगावै ठेक्का स्वत: समाप्त हुनेछ ।
१४) प्राप्त हुन आएका बोलपत्रहरु दर्ता गर्ने म्याद सकिए लगत्तै सोही दिन यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवरमा खोलिने छ । साथै प्रस्ताव खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि खोल्न कुनै बाधा हुने छैन ।
१५) कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१६) यस सम्बन्धी अन्य कुनै जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयमा बुझ्न सकिने छ वा यस कार्यालयको वेव साइट www.makawanpurgadhimun.gov.np मा हेर्न सकिनेछ ।
१७) यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, स्थानीय सरकार संचालन ऐन २०७४ र प्रचलित कानुन बमोजिम हुनेछ ।
१८) अन्य थप जानकारीको लागि कार्यालय समयमा यसकार्यलायको प्राबिधिक शाखाको फोन न. ९८५५०४४८३८ मा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रसासकिय अधिकृत**

# जीतपछि हेटौंडाको मेयर होइन सेवक भएर काम गर्नेछु : मीना लामा

स्थानीय तहको निर्वाचन आउन दुई दिन मात्रै बाँकी छ । निर्वाचनको मिती नजिकिरहँदा बागमती प्रदेशको एक मात्रै उपमहानगर हेटौंडा उपमहानगरपालिकामा कसले बाजी मार्ला ? भन्ने विषय सबैको चाँसोमा परेको छ । मकवानपुरको ईतिहासमै पहिलो पटक सत्तारुढ गठबन्धनको तर्फबाट मीनाकुमारी लामा महिला मेयरको रुपमा प्रतिष्पर्धामा छिन् । यसअघि हेटौंडाको मेयरमा महिलाको उम्मेदवारी पर्न सकेको थिए । पाँच वर्ष हेटौंडा उपमहानगरपालिकाको उपमेयर भएर सफलतापूर्वक काम गरिसकेकी उनी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा हेटौंडाको मेयरमा निर्वाचित हुँदै नयाँ ईतिहास कोर्न चाहान्छिन् । यिनै सेरोफेरो ***साझाकुरा***ले नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी र राष्ट्रिय जनमोर्चाको संयुक्त गठबन्धनको तर्फबाट हेटौंडाको मेयरको उम्मेदवार मीनाकुमारी लामासँग गरेको कुराकानीको सम्पादित अंश :

***१) गठबन्धनबाट हेटौंडामा पहिलो पटक मेयरको उम्मेदवारको रुपमा महिला खडा हुनुभएको छ । तपाईको उम्मेदवारी किन ?***

यसअघि भएको स्थानीय तहको निर्वाचनमा हेटौंडाको उपमेयरमा निर्वाचित भएर मैले पाँच वर्षको कामको अनुभव सम्हालिसकेको छु । बागमती प्रदेशको राजधानी रहेको हेटौंडा उपमहानगरपालिकामा अझै धेरै समस्या छन् । हेटौंडाको विकास र समृद्धिका लागि दीर्घकालीन योजना बनाएर काम गर्नुपर्नेछ । हेटौंडामा सडक विस्तारको समस्या, भूमिहीनको समस्या लगायतका विविध समस्या समाधाधन गर्नुका साथै शिक्षा, स्वास्थ्य, रोजगारीको क्षेत्रमा धेरै काम गर्नु आवश्यक छ । उपमहानगरपालिकामा पछि गाभिएका साविकको गाविस क्षेत्रलाई साँच्चै उपमहानगरबासीको प्रत्याभुती दिलाउने गरी भौतिक पूर्वाधारको विकास गर्नुपर्नेछ । सामाजिक रूपान्तरण, महिला सशक्तिकरण, युवा, बालबालिका लगायतका क्षेत्रमा योजना बनाएरै काम गर्नुपर्नेछ । हेटौंडालाई नयाँपन दिएर सुन्दर र समृद्ध शहरको रूपमा विकास गर्नका लागि मेरो उम्मेदवारी हो । ५ बर्षको उपमेयरमा रहँदाको अनुभवमा यहाँको अवसर, सम्भावना र चुनौतीलाई बुझेको छु । त्यसलाई कार्यान्वयन गर्दै उपमहानगरको सर्वाङ्गीण विकासका लागि मेरो उम्मेदवारी हो ।

***२) तपाई हेटौंडाको मेयरमा निर्वाचित हुनुभयो भने हेटौंडाबासीले के पाउँछन् त ?***

निर्वाचित भएपछि हेटौंडाको लागि हामि केके गर्छौं भनेर हामीले गठबन्धनको तर्फबाट प्रतिबद्धतापत्र नै सार्वजनिक गरिसकेका छौं । प्रतिबद्धतापत्रमा उल्लेख गरिएका बिषय हुवहु कार्यान्वयन गर्दै हेटौंडा उपमहानगरबासीलाई सुखी र खुसी बनाउने हाम्रो लक्ष्य छ । नगर क्षेत्रको विकासका लागि दीर्घकालीन योजना बनाएका छौं । हेटौंडा विकास प्राधिकरण गठन गरी पूर्वाधार विकासलाई अघि बढाउने, ५ जनालाई एमबीबीएस अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने, प्रत्येक वडामा मिनी रंगशाला निर्माण गर्ने, नगरभित्रका नदी खोलाहरूको व्यवस्थापन गरी अस्थायी स्विमिङ पुल निर्माण, जलबिहार तथा पार्क निर्माण गरी पर्यटनमैत्री नगर बनाउँने, नगरस्तरीय प्रज्ञा प्रतिष्ठान स्थापना, प्रवर्द्धन र विकासका कार्यक्रम सञ्चालन गर्नेछौं । नगरको सेवा घरघरमा नै पुऱ्याउनुका साथै 'एक घर एक रोजगार'को व्यवस्था गर्नेछौं । बेरोजगारी समस्या समाधानका लागि उद्योग कलकारखानाको स्थापनासंगै कृषि क्षेत्रमा ऋण तथा अनुदानको व्यवस्था मिलाउनेछौं । हेटौंडा उपमहानगरपालिकामा गठबन्धनले जिते साँच्चै नमूनालायक हेटौंडा उपमहानगरपालिका बनाउनेछौं ।



***३) टिकट वितरणको बिषयलाई लिएर गठबन्धनमा रहेको कांग्रेस र तपाइकै पार्टी नेकपा एकिकृत समाजवादीमा चर्को असन्तुष्टि देखियो, यसले निर्वाचनमा असर गर्दैन ?***

हाम्रो पार्टीमा पनि केही दावेदार नभएका होइनन् । टिकट पाउन पाए हुन्थ्यो, चुनाव जितेर जनताको हितमा काम गर्न पाए हुन्थ्यो भन्ने सोचाई राजनीतिक दलका नेतामा हुनु स्वभाविक हो । यसअघि हेटौंडाको मेयरमा थोरै मतले हारेको ठूलो पार्टी नेपाली कांग्रेसमा पनि आकांक्षीहरु हुनु स्वभाविक हो । अहिले केन्द्र सरकार र प्रदेश सरकारमा पनि गठबन्धन छ । गठबन्धन केका लागि आवश्यक पर्यो भन्ने सबै नेता कार्यकर्ताहरुले बुझ्नुभएकै छ । गठबन्धनकै क्रममा हेटौंडा उपमहानगरपालिका हाम्रो पार्टीको भागमा पर्यो । पार्टीले मलाई मेयरको उम्मेदवार बनायो । गठबन्धनको मर्म, भावना अनुसार सत्तारुढ ५ वटै दलका नेता कार्यकर्ताहरु गठबन्धनका उम्मेदवारलाई जिताउन एकढिक्का भएर लाग्नुभएको छ । अहिले हामीमा सानोतिनो कुराले चित्त दुखाएर गठबन्धनका उम्मेदवारलाई जिताउन लागिएन भने फेरि ५ बर्ष पछुताएर बस्नुको विकल्प छैन । मैले पनि व्यक्तिगत रुपमा गठबन्धनका नेताहरु र मेयर पदका आकांक्षीहरुलाई पटकपटक भेटेर आफ्ना कुराहरु राखिसकेको छु । अब गठबन्धनलाई जिताउन लाग्ने भनेरै सबै नेताहरु एक भएर लाग्नुभएको छ । देशैभर गठबन्धनको पक्षमा राम्रो माहौल आएको छ । सबै खुसी हुनुहुन्छ । हामी जित्नेछौं ।

***४) महिला भएकै कारण प्रमुख पदमा काम गर्न सक्दैन भन्ने खालको प्रश्न पनि उठिरहेको छ । के भन्नुहुन्छ ?***

यो एकदमै गलत अनि पुरातनवादी सोच हो । विपक्षीले पनि यस्ता अफवाहहरु फैलाएको हुन् । मैले उपमेयर पदमा रहेर ५ बर्ष काम गर्दा सबैको साझा भएरै काम गरेको थिए । आफ्नो काम, कर्तव्य, अधिकारलाई कहिल्यै पनि भुलिन । सबैलाई समान ढंगले व्यवहार गरें । महिलाले नेतृत्व गरेको पालिका तथा मन्त्रालयहरुमा भ्रष्टाचार, बेरुजु र समस्याहरु निकै कम आउने गरेको यथार्थ पनि हामी सामु छ । महिला भएकै कारण यो चुनाव जित्छु । हेटौंडा उपमहानगर पालिकाबासीले यसपटक महिला नेतृत्व चाहेका छन् । नेतृत्वका लागि म आफैंमा सक्षम छु । अहिलेको २१ औं शताब्दीमा लिंग, जात र धर्मको कुरा गरिरहनु आवश्यक नै छैन । नेतृत्वका लागि आफू सक्षम हुने मुख्य विषय हो । एकपटक अनि यसैपटक हेटौंडा उपमहानगरपालिकाको मेयर भएर काम गर्ने अवसर मलाई आएको छ । सबैलाई समेट्दै हेटौंडा उपमहानगरको विकासमा लागिपर्ने छु । महिलाले नेतृत्व गरेको हेटौंडा उपमहानगर पालिका साँच्चिकै नमूनालायक हुने रहेछ भनेर प्रमाणित गर्ने मेरो वाचा भयो । पुरुष सरह वा सो भन्दा राम्रो तवरले काम गरेर देखाउनेछु । एक पटक मेयर पदमा महिलालाई जिताइ दिनुहुन आम हेटौंडा उपमहानगर बासीमा अनुरोध समेत गर्न चाहन्छु ।

***५) चुनावी अभियानमा घरदैलो गर्दा मतदाताको देखिएको अपेक्षाहरु पूरा गर्न सकिन्छ ?***

हेटौंडाबासीको धेरै ठूला अपेक्षाहरु छैन । घरको धारामा शुद्ध पानी आइदियोस्, बिरामी पर्दा सहज रुपमा औषधि पाउन सकियोस्, बेरोजगारीको समस्या समाधान होस्, घर जानेआउने बाटो राम्रो बनिदेओस्, शान्तसंग जीवनयापन गर्न पाइयोस् भन्ने नै उहाँहरुको अपेक्षा छ । युवा विद्यार्थीहरुले स्मार्ट सिटी बनोस्, टेक्नोलोजीको विकास होस् भन्ने चाहना राख्नुभएको छ । यस्तै आर्थिक अवस्था कमजोर भएकाहरुले आफ्नो छोराछोरीको निशुल्क शिक्षा र औषधि उपचारको अपेक्षा छ । यी वास्तवमै सामान्य अनि जायज अपेक्षा हुन् । यी अपेक्षाहरु मैले पूरा गर्नुपर्छ । त्यसमा म प्रतिबद्ध छु । हेटौंडाको विकासमा सबैभन्दा पहिलो त पूर्वाधार नै हो । उपमहानगर पालिकामा पछि समाहित भएको साविकको गाविसलाई उपमहानगर सरह बनाउनु छ । यो संगै खेलकुदको विकास, आर्थिक अवस्था उकास्ने खालका कार्यक्रम र उद्योग कलकारखाना निर्माण हुने वातावरण बनाउनुपर्नेछ । यी सबै क्षेत्रमा योजनाबद्ध काम हुनेछ ।

***६) अन्तिममा के भन्न चाहनुहुन्छ ?***

म यहाँहरुकै दिदी बहिनी, छोरी चेली हुँ । मलाई मेयरसाप होइन जनताको सेवक भएर काम गर्नुछ, जनताको हकहितमा काम गर्नुछ । जनताको सामु गरेका वाचा तथा प्रतिबद्धताहरु पूरा गर्नुछ । बागमती प्रदेशको राजधानी यस हेटौंडालाई वाह भन्ने बनाउनु छ । देशकै नमूनालायक उपमहानगर बनाउनु छ । त्यसका लागि हेटौंडा उपमहानगरपालिकाबासीले गठबन्धनका उम्मेदवारहरु म मीनाकुमारी लामालाई मेयरमा र राजेश बानियाँलाई उपमेयर पदमा जिताउनुपर्नेछ । यहाँहरु सामु हामीले गरेका वाचाहरु पूरा गर्नेछौं । केवल एकपटक सेवा गर्ने मौका प्रदान गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।

# जनताले तिरेको राजस्व जनताकै लागि खर्च गर्नेछौ : राजेश बानियाँ

वैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसका राजेश बानियाँ सत्तारुढ गठबन्धनबाट हेटौंडा उपमहानगर पालिकाको उपमेयरको रुपमा चुनावी मैदानमा छन् । २०७४ सालको स्थानीय तहको निर्वाचनबाट हेटौंडा-५ को वडाध्यक्षमा निर्वाचित भएर धेरै सामाजिक कार्य गरिसकेका उनी हेटौंडाको उपमेयर बनेर हेटौंडाको समग्र विकासको लागि काम गर्ने बताउँछन् । युवाहरुमाझ लोकप्रिय रहेका बानियाँको प्रतिष्पर्धा एमालेको उपमेयरकी उम्मेदवार सुमित्रा काफ्लेसँग हुँदैछ । स्थानीय तहको निर्वाचन आउन दुईदिन मात्रै बाँकी हुँदा ***साझाकुरा***ले गठबन्धनबाट उपमेयरको उम्मेदवार राजेश बानियाँसँग गरेको कुराकानीको सम्पादित अंश :

***१) गठबन्धनको तर्फबाट तपाईं उपमेरको उम्मेदवारको रुपमा चुनाबी अभियानमा रहिरहदाँ कस्तो अवस्था देख्नु भएको छ ?***

अहिले हामी हेटौंडाको सबै वडाको घरदैलो कार्यक्रममा व्यस्त छौ । हामीले हेटौंडाको १९ वटै वडामा घरदैलो गरेका छौ । हामीले आफू पुगेको जति सबै ठाउँमा जनतालाई निकै उत्साहित देखेका छौ । ३० वर्षदेखि एउटै नेतृत्व रहँदा पनि हेटौंडामा विकास हुन नसकेको भन्दै जनताहरुले नेतृत्व परिवर्तन हुनुपर्ने जनताले माग गरिरहेका छन् । चुनावप्रति जनता आकर्षित छन् । घरदैलोमा उत्साहपूर्ण ढंगले जनता गठबन्धनको पक्षमा देखिएको छ ।



***२) गठबन्धनबाट उम्मेदवारी टुंगाउने सवालमा मनोनयन दर्ताको अन्तिम समयमा मात्रै उम्मेदवारी टुंगिदा के कस्तो असर पुग्यो ?***

देशभर केन्द्रबाटै टिकट टुंगाउनुपर्ने भएकाले केही ढिलाई भएकै हो । तर, ढिलो गरेको निर्णय मजबुत पनि बनेको मैले महशुस गरेको छु । यसले खासै समस्या देखिएको छैन । टिकट पाउँदा धेरै कुराहरु आए, नजिकको मान्छे, आफ्नो मान्छे, निकटको मान्छे भन्ने सवालहरु उठेका पनि थिए । तर, जनमत भएको वा कम भएको बारे मूल्यांकन गरेरै टिकट दिएको छ । गठबन्धनबाटै टिकट टुंगाउनुपर्ने अवस्थामा पाँच पार्टीको सहमति हुनु र पाँचै पार्टी सहमतमा पुग्नुपर्ने भएकोले धेरै छलफलपछि मात्रै उम्मेदवार तय गरिएको छ । त्यसैले यो विषयले खासै असर पुऱ्याएको मैले देखेको छैन ।

***३) टिकट वितरण गर्दा कम मत भएको, जनमत आँकलन नगरिएको नेकपा(एस)लाई मेयर उठाइयो भन्ने कुरामा गठबन्धन भित्रकै दलबीच देखिएको विवादले कांग्रेसकै जिल्ला नेताहरु चुनावी मैदानमा पनि देखिएका छैनन् । अझैसम्म मन नमाफिएकै हो वा समस्या अझै बाँकी छ ?***

त्यस्तो कुनैपनि समस्या गठबन्धनमा छैन । गठबन्धन हुँदा धेरै मतभएको पार्टीले मेयरको उम्मेदवार हाम्रो पार्टीको हुनुपर्छ भन्ने स्वभाविक हो । त्यो अनुसार रुलिङ गरिएको पनि थियो । तर, देशभरको स्थानीय तह मिलाउनु पर्ने सवालमा हेटौंडा नेकपा(एस)ले पाएको अवस्थामा मात्रै हेर्नु हुँदैन । देशका अरु स्थानीय तह ठूलै पार्टीले बढी लिएको अवस्था छ । त्यसकारण यो कुरा बुझाउन सकेको अवस्थामा केही हदसम्म समस्या समाधान भइसकेको छ । अहिले नेताहरु गठबन्धन जिताउन पूर्ण रुपमा लाग्नुभएको छ । हामी त पात्र हौं, नेता र नेतृत्वले चुनाव जिताउनुपर्ने भूमिका हुन्छ । त्यस कारणले उहाँहरुको भूमिकामा कमजोरी छैन । धेरै कुराहरु गलतप्रचार भएका छन् । तर, जनता गलत प्रचारको पछि लागेका छैनन् ।

***४) कांग्रेसको जनमत जाँच भइसकेको हुँदा कांग्रेसको मतकति छ, आँकलन गर्न सकिन्छ तर, भर्खर बनेको पार्टी नेकपा(एस)को जनमत र कार्यकर्ता कति छन् भन्ने यकीन हुन सकेको छैन । यो अवस्थामा मेयर र उपमेयर दुवै जित्न कतिको सहज देख्नुहुन्छ ?***

अहिलेको अवस्था हेर्दा हामी जितका लागि धेरै सहज देख्छौं । मतजनमत छ, छैन भन्ने सवाल नेतृत्वले उठाएको होइन र हामी उम्मेदवारले पनि भनेका छैनौं । यो प्रतिस्पर्धीले फैलाएको कुरा हो । अहिलेको गठबन्धन संविधान जोगाउन र ओली प्रवृत्ति हटाउन बनेको गठबन्धन हो । त्यसकारण यसमा जतमतको हिसाब गरेर गठबन्धन गरिएको होइन । गठबन्धनमा स्वत:जनमत छ । यसको हिसाब किताव गर्न जरुरी नै छैन ।

***५) गठबन्धनबाट तपाईहरुले जित्नुभयो भने हेटौंडामा के कस्ता परिवर्तन हुन्छ ? केके गर्नुहुन्छ तपाईहरु ?***

संविधानले स्थानीय तहलाई बलियो बनाएको छ तर अधिकार उपमहानगरपालिकाको कार्यालयमा खुम्चिएको छ । अगाडिका नेतृत्वका कारण संविधानले दिएको अधिकार पनि खुम्चिन पुग्यो । वडाको अधिकारसमेत खुम्चाइएको थियो । हामी निर्वाचित भएपछि सर्वप्रथम साधारण कामको लागि जनता उपमहानगरपालिका पुग्नु पर्दैन । वडालाई दिइएको सबै अधिकार वडामै राखेर अघि बढ्छौं । यसो हुँदा जनताले भोग्ने समस्या आधा कम हुन्छ । हामी निर्वाचित भएपछि स्वास्थ्य, शिक्षा, कृषि, खेलकुदको समानान्तर विकास हुनेछ । व्यक्ति कहिले पनि हाबी हुने छैन । हामी सेवकका रुपमा रहनेछौं । पूर्वाधारको पाटोमा राष्ट्रिय गौरवका योजनाहरु हामी ल्याउँछौं । जनताबाट लिएको राजस्व स्वास्थ्य, शिक्षा, कृषि, खेलकुद सबै क्षेत्रमा लगानी गरिन्छ । यी क्षेत्रहरुमा जनताको पहुँच बढाउनेछौं ।

***६) प्रतिबद्धता पत्रमा अलि बढी महत्वाकांक्षी विषयहरु समावेश गरिएको देखिन्छ । यो प्रचारका लागि मात्र गरियो भन्ने आरोप छ । सबै योजना कार्यान्वियन हुन्छ ?***

योजना कार्यान्वयन नहुने भन्ने नै छैन नी । योजनाहरु हामीले कार्यान्वयन गर्नकै लागि ल्याएका हौ । जनतबाट निर्वाचित भइसकेपछि पार्टी, व्यक्ति, जात, धर्मको पक्ष विपक्ष हामी सबैकुरा त्याग्छौं । हामी जनताको लागि काम गर्छौं र हामीले अघि बढाएका योजना, प्रतिबद्धताहरु केही फेरबदलहुन सक्लान् तर यो प्रचारबाजी गर्न अघि बढाएको होइन । यहाँ म शासक हुँ भन्ने प्रबृति थियो । त्यसलाई हटाएर म जनताको सेवक हुँ भन्ने अवस्था सिर्जना हुनेछ ।

***७) गठबन्धनको कारणले गर्दा मतदाताहरुमा अन्यौलता हुने र म तबदर हुने गर्छ किन ?***

अघिल्लो निर्वाचनमा जस्तो यो पटक त्यो समस्या हुदैन । २०७४ मा नेपाली काँग्रेस र माओवादीबीच गठबन्धन भएको थियो । त्यसबेला मत बदरकै कारणले गर्दा मेयर उपमेयर दुवै गुमाएकै हो । त्यतिबेला अन्तिम अवस्थामा टिकट आएको र जनतामा गठबन्धन बुझाउन नसकेको र मतदिने तरिका सिकाउन नसकेको अवस्थामा धेरै मत बदर भयो । उम्मेदवारी नभएको पार्टीको पनि चुनाव चिन्ह भएको कारणले मत दिने बेला मतदाता झुक्किने गर्दछन् । त्यसकारण हामीले मतदाता शिक्षालाई यो पटक बढी जोड दिएका छौं । त्यस कारणले गर्दा यसपटक मत बदर हुने संख्या निकै कम हुने हाम्रो विश्वास छ ।

***८) तपाई गठबन्धनबाट उपमेयरको उम्मेदवार हुँदा तपाईका प्रतिस्पर्धीहरुलाई कसरी हेर्नु भएको छ ?***

निर्वाचन भनेको जनताको माझमा पुगेर लड्ने सामाजिक युद्ध हो । यो निर्वाचनमा प्रतिस्पर्धीलाई सामान्य ठान्नु हुँदैन । अहिलेको प्रतिस्पर्धा बलियो पार्टीसँगको प्रतिस्पर्धा हो । जसमाभिजन कस्तो दिने भन्नेले पनि फरक पार्दछ । प्रतिस्पर्धामा परिणामलाई स्वीकार्नु पर्दछ । हामी अहिलेको प्रतिस्पर्धामा धेरै बलियो छौं । प्रतिस्पर्धी कमजोर छन् । तर, कमजोर छन् भन्दैमा आफ्नो तयारी कमजोर पार्नु हुँदैन ।

***९) मेयरमा मिना लामा र उपमेयरमा तपाईलाई नै भोट किन दिनुपर्ने ?***

मैले पटकपटक भनेको छु, एउटै दलले ३० वर्षसम्म नेतृत्व लिनु भनेको परिवर्तनको खाँचो झल्किनु हो । एउटै अनुहार कहिले सांसद त कहिले मेयरमा उठेका छन् । जनतालाई परिवर्तनको खाँचो महशुस भएको छ । नेतृत्वसँगै योजना पनि परिवर्तन हुन जरुरी छ । प्रतिस्पर्धीले बनाएको उम्मेदवारको अनुहार र गठबन्धनको उम्मेदवार हेर्दा नै प्रष्ट हुन्छ कि हाम्रो जीत किन आवश्यक छ ? हामीलाई भोट दिनुपर्ने कारण के हो भने, एक पटक हामीलाई मौकादिनुस्, हामी परिवर्तन र विकासलाई सँगसँगै अघि बढाउने छौं । हामीलाई मत परिवर्तनको लागि हाल्नुपर्ने हो ।

***१०) तपाईले ५ नम्बर वडाध्यक्ष भएर धेरै सामाजिक काम गर्नभयो । अहिले उपमेयरको उम्मेदवार बन्दा जनताको अपेक्षा धेरै देखिन्छ । ती अपेक्षा पूरा गर्न सकिन्छ ?***

जनताका सबै अपेक्षा पूरा गर्न सकिन्छ भन्ने मलाई लाग्छ । किनकी मसँग कुनै स्वार्थ छैन । त्यहाँ पुगेर मेरो मान्छेलाई जागिर लगाउनुपर्ने छैन । मलाई सेवा सुविधाको लोभ छैन । मलाई पदको घमण्ड हुँदैन । त्यस कारणले गर्दा जनताका अपेक्षा पूरा गर्छु भनेर नै उपमेयरको उम्मेदवार बनेको हुँ । मजनतासँग एउटै माग गर्दछु, एकपटक नेतृत्व परिवर्तन गरेर हेरौं । गठबन्धनले गर्न सक्छ, म गर्न सक्छु । असम्भव भन्ने केही छैन । मात्रै आत्मबल र योजना आवश्यक छ । स्वार्थ त्यागनुपर्छ, त्यसपछि जनताका अपेक्षा पूरा गर्न सकिन्छ ।

***११) अन्त्यमा हेटौंडा बासीलाई के अनुरोध गर्न चाहनुहुन्छ ?***

म हेटौंडाबासीलाई यतिमात्र अनुरोध गर्न चाहन्छु कि, पटकपटक दोहोरिएका नेतृत्वलाई र माथि पुगिसकेकालाई परिवर्तनको साँचो नसुम्पिनुस् । भिजन भएको, परिवर्तन चाहने र हेटौंडाको विकास गर्ने नेतृत्व चुन्नुस् ।


## महत्वपूर्ण कागजात हरायो

मेरो निम्न व्यहोराको महत्वपूर्ण कागजात पर्ससहित कतारको ID, लाईसेन्स, एटिएम कार्ड, आठ हजार रकमसहित अन्य महत्वपूर्ण कागजात हराएकोले पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम: डुक्पा लामा

सम्पर्क: ९८०७१९०७७३

नोट: बुझाउन आउनेलाई उचित पुरस्कारको व्यवस्था गरिएको छ ।


## हेटौंडामा फेरि देखियो बर्डफ्लु

साझाकुरा संवाददाता

हेटौंडा, २६ बैशाख/ हेटौंडा उपमहानगरपालिकाको दुई स्थानमा बर्डफ्लु देखिएको छ ।


हेटौंडा-७ नागश्वती र हेटौंडा-१७ हर्नामाडी क्षेत्रमा बर्डफ्लु पुष्टि भएको जिल्ला पशु सेवा विज्ञ केन्द्र हेटौंडाले जनाएको छ । हेटौंडा-७ का रिया र रितिमा पोल्ट्री फर्ममा बर्डफ्लु प्रमाणित भएपछि कुखुरा नष्ट गर्न थालिएको मकवानपुर कुखुरा व्यवसायी संघका अध्यक्ष गोकुलनाथ पौडेलले जानकारी दिए । दुबै फर्ममा गरेर करिब ६ हजार वटा कुखुरा नष्ट हुने जनाइएको छ । हाल नष्ट गर्ने काम भइरहेको छ ।

हर्नामाडीस्थित राजकुमार दुलालको खोरको कुखुरामा पनि बर्डफ्लु देखिएको र आजै नष्ट गरिने बताइएको छ ।

कुखुरा धमाधम मर्न थालेपछि ल्याब परीक्षण गर्दा बर्डफ्लु एच फाइब एन वान नामक भाइरस संक्रमण भएको पुष्टि भएको हो ।


साझाकुरा खोजी खोजी पढौं ।






गोर्खाली ट्रेड एण्ड सप्लायर्स

हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


मकवानपुरगढी गाँउपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

मक्रान्चुली, मकवानपुर

वागमती, प्रदेश, नेपाल

## वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशित मिति:२०७९/१/२७*

यस मकवानपुरगढी गाउँपालिकाको आ.व ०७८/०७९ को लागि संघीय सरकारको समपुरक अनुदान तथा गाउँपालिकाको आन्तरिक कोषबाट यस गाउँपालिकाको वडा नं. ६ मा मकवानपुरगढी गाउँपालिकाको लागी कोल्ड स्टोर निर्माण कार्यको लागी मिति २०७८/११/११ गते प्रकाशित वोलपत्रमार्फत सो कोल्ड स्टोर निर्माण गर्न माग गरिएअनुसार पर्न आएको वोलपत्रहरु यस कार्यालयमा मिति २०७८/१२/११ गते खोलिएको प्राविधिक तथा मिति २०७९/१/१९ गते खोलिएको आर्थिक प्रस्तावनाहरु र उक्त वोलपत्रहरु उपर विभिन्न मितिमा बसेको वोलपत्र मुल्याङ्कन समितिको निर्णयअनुसार निम्न वोलपत्र न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागी छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को उपदफा १ को प्रयोजनार्थ सबै वोलपत्रदाताहरुको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | विवरण | कवोल अङ्क | फर्मको को नाम | कैफियत |
|---|---|---|---|---|
| MRM/NCB/12/2 078/079 | Construction of Makawanpurgadhi Cold Store at Makawanpurgadhi 6 | 29132437.57 (With Vat) | Sundar Nepal Nirman Sewa, Hetauda 2 | |

**प्रमुख प्रशासकिय अधिकृत**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना